मितिः २०८३/०२/२२

कार्यपालिका बैठक संख्या:- ११

आज मिति २०८३ जेठ २२ गते मंगलबारको दिन नौकुण्ड गाउँ कार्यपालिकाको कार्यालय, सरमथली, रसुवाको अध्यक्ष श्री नुर्बु स्याङ्बो घलेज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायको प्रस्तावहरुमा छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

उपस्थितिः-

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | नुर्बु स्याङ्बो घले | अध्यक्ष | |
| २ | चन्द्र बहादुर ग्लान | उपाध्यक्ष | |
| ३ | कान्छा तामाङ | वडाध्यक्ष- १ नं. वडा | |
| ४ | डाबु ग्याल्बो थोक्रा | वडाध्यक्ष- २ नं. वडा | |
| ५ | नोकेन्द्र देव तामाङ मोक्तान | वडाध्यक्ष- ३ नं. वडा | |
| ६ | ज्ञानी वाईवा | वडाध्यक्ष- ४ नं. वडा | |
| ७ | श्याम बहादुर थिङ | वडाध्यक्ष- ५ नं. वडा | |
| ८ | यो नुर्पु तामाङ | वडाध्यक्ष- ६ नं. वडा | |
| ९ | सानु कान्छी सुनार | कार्यपालिका सदस्य | |
| १० | कालि माया तामाङ्नी | कार्यपालिका सदस्य | |
| ११ | जोमसाङ तामाङ्नी | कार्यपालिका सदस्य | जान |
| १२ | अनिता घले | कार्यपालिका सदस्य | |
| १३ | गणेशमान घले | कार्यपालिका सदस्य | |
| १४ | सुमिना नेपाली | कार्यपालिका सदस्य | |
| १५ | सुर्य बहादुर तामाङ | सचिव | |

CamScanner

मितिः २०८३/०२/२२ — कार्यपालिका बैठक संख्याः- ११

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमको पूर्व तयारी सम्बन्धमा ।
३. विविध सम्बन्धमा ।

निर्णयहरुः-

१. यस गाउँपालिकाको गाउँ कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णयहरु प्रभावकारी रुपमा कार्यन्वयन भएको भन्ने समिक्षा गरियो ।
२. आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमको तर्जुमाको लागि विषयगत समितिहरुबाट प्राप्त प्रतिवेदन माथि छलफल गरी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।
३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ गते बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय बुँदे कार्यसूचीको बुदाँ नं ९२ मा सार्वजनिक जग्गा संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने भन्ने व्यवस्था भएबमोजिम नेपाल सरकार गृह मन्त्रालय, सिंहदरवार, काठमाडौंको च.नं. ६३७, मिति २०८३/०१/१६ गते प्राप्त पत्र र जिल्ला प्रशासन कार्यालय, धुन्चे, रसुवाको च.नं. १५२५, मिति २०८३/०१/१७ को प्राप्त पत्र कार्यान्वयन गर्ने सम्बन्धमा नापी कार्यालय, रसुवाको च.नं. १८६ मिति २०८३/०२/०६ गतेको पत्रमार्फत विवरण प्राप्त सार्वजनिक जग्गाहरुको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) खण्ड २(छ) र दफा ९७ बमोजिम नौकुण्ड गाउँपालिका भित्र रहेका सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गर्नुपर्ने भएकोले उक्त सार्वजनिक जग्गाहरुको अतिक्रमणमा कडाईका साथ रोक लगाई यस गाउँपालिकाभित्रका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्यलाई सहयोग गर्न अतिक्रमण भएको जानकारी गराउन र सुकुम्बासीको रुपमा त्यस्ता सार्वजनिक स्थानमा बसोबास गरिरहेका व्यक्तिहरुले गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयमा आफूसँग भएको प्रमाण सहित निवेदन पेश गर्न ३५ (पैतिस) दिने सूचना प्रकाशन गरी सो अवधिभित्र जानकारी हुन नआएको अतिक्रमित सार्वजनिक सरकारी जग्गाको विषयमा प्रचलित नियमानुसार अतिक्रमण हटाउने कारवाही अगाडी बढाउने निर्णय गरियो ।
४. यस नौकुण्ड गाउँपालिका अन्तरगत रहेको "रोजगार, सीप तथा उद्यमशीलता केन्द्र"बाट सन्चालन हुने रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी सेवाहरु एकीकृत रुपमा प्रवाह गर्न नौकुण्ड गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा देहायबमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. प्रमुख/अध्यक्ष | - संयोजक |
| ख. उपप्रमुख/उपाध्यक्ष | - सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| घ. प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने विभाग महाशाखा शाखा | -सदस्य |
| ङ. प्रतिनिधि, स्थानीयस्तरका निजी क्षेत्रका छाता संगठनहरु मध्येवाट संयोजकले मनोनित गरेको कम्तीमा १ महिला सहित २ जना | - सदस्य |
| च. प्रतिनिधि, प्रदेश प्राविधिक शिक्षा व्यावसायिक तालिम परिपद्ले तोकेको शिक्षालय प्रमुख | |

CamScanner

मितिः २०८३/०२/२२

कार्यपालिका बैठक संख्याः- ११

छ. प्रतिनिधि, स्थानीय स्तरको बैंक तथा वित्तीय संस्था प्रमुख मध्येबाट संयोजकले तोकेको १ जना - सदस्य

ज. रोजगार संयोजक /केन्द्र संयोजकको जिम्मेवारीमा रहने कर्मचारी - सदस्य -सदस्य सचिव

५. पुर्णखोप सुनिश्चितता निर्देशिका २०७१ (तेस्रो संस्करण २०७७) बमोजिम आ.ब. २०८२/८३ को चैत्र महिनामा घरधुरी सर्भेक्षण गर्दा सबै बालबालिकाहरुले पुर्णखोप पाएको तथा कुनै पनि बालबालिका पुर्णखोपबाट बञ्चित नभएको भन्ने ६ वटै वडाहरुको सिफारिश समेत प्राप्त भएकोले यस नौकुण्ड गाउपालिका पुर्णखोप सुनिश्चितता भएको हुँदा आ.ब. २०८२/८३ मा यस गाउँपालिका लाई पुर्णखोप युक्त गाउँपालिका घोषणा गर्ने निर्णय गरियो ।गाउँपालिकाबाट सम्पादन हुने कामकारबाहीहरुलाई प्रभावकारी बनाउनको लागि देहाय बमोजिमका

६. यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अन्त्यतर्फ विभिन्न योजना तथा कार्यक्रमहरूको कार्यसम्पादन, भुक्तानी, लेखा व्यवस्थापन, प्रतिवेदन तयारी लगायतका कार्यहरूको चाप बढ्दै गएको तथा सेवाग्राहीहरूलाई नियमित र सहज रूपमा सेवा उपलब्ध गराउन आवश्यक भएको हुँदा २०८३ साल असार मसान्तसम्म आईतबार समेत नौकुण्ड गाउँपालिकाको कार्यालय र वडाकार्यालयहरुबाट पूर्ववत् रूपमा बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म सेवा प्रवाह गरिने र सो दिन ग्लोबल आई.एम.ई. बैंक लिमिटेड, नौकुण्ड शाखालाई पनि बैंकिङ सेवा सञ्चालन गरी सहजिकरण गरिदिनुहुन अनुरोध गर्ने निर्णय गरियो ।

७. यस गाउपालिका अन्तर्गत गठित विषयगत समितिको काम, कर्तव्य अधिकार नौकुण्ड गाउँपालिकाको विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८३

८. नौकुण्ड गाउँपालिकास्तरीय राष्ट्रिय धान दिवस २०८३ असार १५ गते नौकुण्ड ५ बडहरेमा सञ्चालन गरी सञ्चालन वापतको खर्च विविध खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

९. मिति २०८३/०१/३१ मा प्रकाशित गाँउपालिकाको सुचना अनुसार उत्कृष्ट कृषक **पुरस्कार वितरण कार्यक्रम** अन्तर्गत तपसिल बमोजिमका कृषकहरुलाई छनौट गरि निजहरुलाई सम्मानपत्र र नगद जनहि रकम रु. १०,००० (अक्षेरुपी दश हजार मात्र) पुरस्कार वितरण गरि सम्मान गर्ने निर्णय गरियो

**तपिसल**

| क्र.स. | कृषकको नाम, थर | ठेगाना | फर्मको नाम | सम्पर्क नं. | उत्कृष्ट कृषक छनौट क्षेत्र |
|---|---|---|---|---|---|
| १ | श्याम बहादुर पाख्रेन | नौकुण्ड ४ | सुनौलो एकिकृत कृषि तथा पशुपन्छी फर्म | ९७४४२४२९७२ | व्यवसायिक कफि खेति |
| २ | जुनमाया थोक्रा | नौकुण्ड २ | जुनमाया कृषि तथा पशुपन्छी फर्म | ९७६४६४७३७४ | टिमुर खेती |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कृष्ण बहादुर गडदान | नौकुण्ड ५ | मिरमिरे कृषि तथा पशुपन्छी फर्म | ९८१३९४६०१२ | व्यवसायिक बंगुर पालन |
| ४ | चुडामणी पौडेल | नौकुण्ड ५ | राजन्य कृषि तथा पशुपंछी फर्म | ९८४०१८३०५३ | व्यवसायिक टमार खेती |
| ५ | नेमा तामाङ लोप्चन | नौकुण्ड १ | भुमेथान कर्षि तथा पशुपन्छी फर्म | ९८५११६१३९७ | दुध उत्पादन |
| ६ | पासाङ लामा तितुङ | नौकुण्ड ६ | भुमेस्थान कृषि तथा पशु फर्म | ९८४३०५०३४६ | बेमौसमी तरकारी खेती |
| ७ | हरि प्रसाद न्यौपाने | नौकुण्ड ५ | न्यौपाने पशु तथा कुखुरा फर्म | ९८४०४९६४७६ | व्यवसायिक कुखुरा पालन |
| ८ | रेवती प्रसाद पौडेल | नौकुण्ड ५ | भगवती गाई फर्म | ९८४५३८७९५९ | व्यवसायिक गाई भैंसी पालन |
| ९ | सुरेन्द्र ग्याबा | नौकुण्ड ३ | लाम्राङ कृषि तथा पशुपन्छी फर्म | ९८१००३५६१२ | मिश्रीत खेति |
| १० | श्याम बहादुर घले | नौकुण्ड-५ | घलेगाँउ कृषि तथा पशुपंक्षी फर्म | ९८४३५०८४७९ | तरकारी खेती |